शिखर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

तल्कोट, डोटी

सुदूरपश्चिम प्रदेश, नेपाल

# बोलपत्र पुस्तिका

(आन्तरिक श्रोत उठाउने ठेक्का व्यवस्थापन सम्बन्धी)

आर्थिक वर्षः-२०८३/०८४

ठेक्काको नामः सेती नदीबाट प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा ,भरान तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन.

ठेक्का नं : **SMDOTI/REVINUE/NCB/01/2083-84**

दोस्रो पटक सूचना प्रकाशन मितिः २०८३।०६।२८

शेर बहादुर बुढा

प्रमुख प्रशासकीय अधिकृत

शिखर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तल्कोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

Scanned with CamScanner

शिखर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

# आन्तरिक आयको ठेक्का सूचना

दोस्रो पटक प्रकाशित मिति: २०८३।०६।२८ (2026 Oct 14)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ को उपदफा (२) को खण्ड घ को उपखण्ड (६) मा भएको व्यवस्था, ढुङ्गा, गिट्टी, बालुवा, उत्खनन तथा बिक्री तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन मापदण्ड २०७९), स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE), स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन (EIA), सुदूरपश्चिम प्रदेशको आर्थिक ऐन २०८२, सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधिमा भएको व्यवस्था अनुसार आन्तरिक कर संकलनका लागि देहाय बमोजिम तोकिएको स्थानबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, आदी) उत्खनन, संकलन, निकासा गर्नका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले योग्य फर्महरूले यस बोलपत्र सम्बन्धी सम्पूर्ण कागजातहरू खरिद गरि रित पूर्वक भरी यस कार्यालयमा शिलबन्दी बोलपत्र (HARD COPY) यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र पेश गर्न हुन बोलपत्र आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। बोलपत्र सम्बन्धी कागजात यस पालिकाको वेबसाइटबाट download गर्न सकिनेछ।

| आन्तरिक आय ठेक्का नं. | आन्तरिक आय ठेक्काको नाम | उत्खनन परिमाण (घ.मि.) | दर | न्यूनतम कबोल अंक रु. (भ्याट बाहेक) | बोलपत्र पेश गर्ने अन्तिम मिति | धरौटी रकम रु | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|
| SMDOTI/REVINUE/NCB/01/2083-84 | सेती नदीमा प्राकृतिक श्रोत नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, भरान तथा ग्राभेल आदि) को बिक्री शुल्क संकलन | ५५११५।८० घन मिटर | प्रति घन मिटर रु. १४१।२६ (मु.अ कर बाहेक) | ७७,८५,६५७।९० (अक्षरेपी रु सतहत्तर लाख पञ्चासी हजार छ सय सन्ताउन्न रुपैया पैसा नब्बे मात्र) (मु.अ. कर बाहेक) | २०८३/०७/१२ गते मध्यान्ह १२:०० बजे | कबोल अंक (मु.अ. कर सहित) को ५ (पाँच) प्रतिशत हुन आउने रकम | ३,०००।०० |

**बोलपत्र जमानत:** कबोल गरेको अंकको ५ (पाँच) प्रतिशतले हुन आउने रकम बैंक जमानत वा शिखर नगरपालिकाको एभरेष्ट बैंक गोपघाट शाखामा रहेको धरौटी खाता नं. ०६६००१०६२०००२ मा जम्मा गरेको सक्कलै भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मिति देखि कम्तिमा १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस पालिकाको नाममा जारी भएको बैंक जमानत पत्र पेश गर्नु पर्नेछ। सम्झौता भएपछि मात्र जमानत रकम फिर्ता हुनेछ।

सूचना विस्तृतमा शिखर नगरपालिकाको वेबसाइट https://shikharmundoti.gov.np/ बाट हेर्न सकिनेछ।

शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

शिखर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

शिखर नगरपालिका नगर कार्यपालिकाको कार्यालय सिलगढी, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

## नदीजन्य पदार्थको विक्री शुल्क संकलनका लागि विद्युतीय बोलपत्र आव्हान सम्वन्धी विस्तृत सूचना

<u>दोस्रो पटक प्रकाशित मिति : २०८२।०६।२८</u>

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) र यस शिखर नगरपालिकाको आर्थिक ऐनमा भएको व्यवस्था बमोजिम आर्थिक वर्ष २०८३।८४ को तोकेको अवधिका लागि यस नगरपालिका क्षेत्रमा रहेको सेती नदिवाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी यस नगरपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८२।८३ को करचुक्ता प्रमाण पत्र वा सम्बन्धित आ.रा.का.मा कर विवरण पेश गरेको प्रमाण, कानूनी रुपमा योग्य रहेको घोषणापत्र, अख्तियारिनामा र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र **(Hard Copy)** प्रक्रियामा सहभागी हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरीएको छ ।

<u>तपशिल :</u>

| आन्तरिक आय ठेक्का नं. | आन्तरिक आय ठेक्काको नाम | उत्खनन परिमाण (घ.मि.) | दर | न्यूनतम कबोल अंक रु. (भ्याट बाहेक) | बोलपत्र पेश गर्ने अन्तिम मिति | धरौटी रकम रु | दरभाउ पत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|
| **SMDOTI/REVINUE/NCB/01/2083-84** | सेती नदीमा प्राकृतिक श्रोत नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, भरान तथा ग्राभेल आदि) को बिक्री शुल्क संकलन | ५५११५१८० | प्रति घन मिटर रु.१४१।२६ ( मु .अ कर बाहेक) | ७७,८५,६५७.९०/- | २०८३/०७/ १२ गते मध्यान्ह १२:०० बजे | कबोल अंक (मू.अ. कर सहित) को ५ (पाँच) प्रतिशत हुन आउने रकम | ३,००० ।०० |

शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

१. ठेक्काका शर्तहरु

क) फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर वापत एभरेष्ट बैंक, गोपघाट शाखा कार्यालयमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ०६६००१०६२००००१ मा नगद जम्मा गरेको सक्कल भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १६ औं दिनको दिउसो १२:०० बजे भित्र यस कार्यालयको https://shikharmundoti.gov.npबाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित बैंकमा रहेको आन्तरिक राजश्व खाता नं. ०६६००१०६२००००१ मा जम्मा गरेको भौचरलाई सक्कलैं बोलपत्र सम्वन्धी कागजातका साथ संलग्न गर्नुपर्ने छ। साथै यस कार्यालय बाट समेत तोकिएको बोलपत्र दस्तुर तिरी बोलपत्र सम्वन्धी कागजातहरु किन्न सकिने ब्यवस्था समेत रहेको छ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा हुन गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

ख) बोलपत्र सम्वन्धी फाराम भर्दा कवोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । कवोल अंकको **५%** धरौटी रकम यस कार्यालयको एभरेष्ट बैंक, गोपघाट शाखा कार्यालयमा रहेको धरौटी खाता नं. ०६६००१०६२००००२ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकवाट ईजाजत प्राप्त क वर्गको वाणिज्य बैंकवाट यस कार्यालयको नाममा वोलपत्र नं. र नाम उल्लेख गरी वोलपत्र खोल्ने दिनदेखि १२० (एक सय बीस) दिनको म्याद सहित जारी गरिएको वोलपत्र जमानत (विड वण्ड) सक्कलै पेश गर्नुपर्नेछ ।

ग) खरिद गरेको वोलपत्र फारामहरुमा उल्लेख भएका सवै विवरणहरु भरी वोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, वोलपत्र विवरण, प्रोपराईटरको नाम, ठेगाना, फोन नं., मोबाईल नं., इमेल ठेगाना समेत स्पष्ट खुलाई फर्मको छाप लगाई तोकिएको म्याद भित्र दर्ता गर्नुपर्नेछ ।

घ) एक फर्म वा संस्थाको नाममा खरिद गरिएको वोलपत्र अर्को फर्म वा संस्थाका नामवाट दाखिला गर्न पाईने छैन । रीतपूर्वक पर्न आएका वोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० बजे देखि निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै वोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा



शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

ङ) म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

च) बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत २० (विस) प्रतिशत र ठेक्का कवोलको १३% मू.अ.कर समेतको हुनआउने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो तथा तेश्रो किस्तावापत ८० (असी) प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकवाट ईजाजत प्राप्त क वर्गको वाणिज्य बैंकवाट यस कार्यालयको नाममा २०८४ साल आषाढ मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) समेत पेश गरी पट्टा उठाउनुपर्ने छ । साथै बोलपत्र कवोल गर्ने व्यक्ति वा फर्मले कवोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ (तेह) प्रतिशत रकम समेत सोही बमोजिम यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्र दाताले छुट्टै बुझाउनुपर्नेछ ।

छ) शिखर नगरपालिकाको आर्थिक ऐन मा उल्लेख भए बमोजिम कवोल गरेको रकम एकमुष्ट अग्रिम रुपमा बुझाएमा ५% सम्म रकम छुट दिन सकिनेछ तर नियमानुसार लाग्ने मु.अ.कर प्रयोजनका लागि भने छुट दिईने छैन ।

ज) ठेक्का अवधी सम्झौता भएका मितिदेखि २०८४ सालको ज्येष्ठ मसान्तसम्म हुनेछ ।

झ) ठेकेदारले नेपाल सरकार तथा शिखर नगरपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशनको पालना गर्नु पर्नेछ । साथै कार्यालय तथा ठेकेदारवीच कुनै विवाद उत्पन्न भएमा यस नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

| किस्ता | किस्ता बुझाउनुपर्ने मिति | रकम |
|---|---|---|
| पहिलो | सम्झौता हुँदाका वखत | कवोल अंकको २०% ले हुन आउने रकम तथा कवोल अंकको मू.अ.कर समेत |
| दोश्रो | २०८३ साल फाल्गुन मसान्तभित्र | कवोल अंकको ४०% ले हुनआउने रकम |



शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | |
|---|---|---|
| तेश्रो | २०८४ साल बैशाख मसान्तभित्र | कबोल अंकको ४०% ले हुनआउने रकम |

ञ) ठेक्का रकमको भुक्तानी तालिका देहायअनुसार हुनेछ :

ट) तोकिएको समयमा कार्यालयलाई ठेक्का रकम नवुझाएमा वार्षिक १० (दश) प्रतिशतका दरले हर्जाना सहित असूल उपर गरिनेछ ।

ठ) नेपाल सरकारले विक्रि शुल्क छुटका लागि गरेका निर्णय वाहेक यस शिखर नगरपालिका क्षेत्रभित्र भएर वग्ने नदी/खोलावाट नदीजन्यपदार्थ उत्खनन/संकलन गरे वापत नगरपालिकाको नदीजन्यपदार्थ बिक्री शुल्क सवैले तिर्नुपर्नेछ । नगरपालिका आफैले सञ्चालन गर्ने आयोजनाका लागि आफ्ना स्वमित्वका सवारी साधनहरु प्रयोग गरी आवश्यक पर्ने नदीजन्य पदार्थ उत्खनन, संकलन, ढुवानी गरेको हकमा नियमानुसार राजश्व शुल्क लाग्नेछ । कसैले नगरपालिकाको नदीजन्य पदार्थ बिक्री शुल्क तिर्न अटेर गरेमा कानून अनुसार कारवाही गरिनेछ ।

ड) नगरपालिकावाट गरिएको **IEE/EIA** प्रतिवेदनमा घाटगद्धी स्थल नतोकिएको स्थानवाट कसैले पनि नदीजन्य पदार्थ उत्खनन/संकलन गर्न पाईने छैन । यसरी घाटगद्धी नतोकिएको स्थानबाट उत्खनन/संकलन गरेको पाईएमा नगरपालिकाद्वारा तोकिएको जरिवाना गरिनुका साथै नदीजन्य पदार्थ र ढुवानी साधन जफत समेत गर्न सकिनेछ ।

ढ) यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनकालागि अभिन्न अंगको रुपमा मानिनेछन् ।

ण) **IEE/EIA** प्रतिवेदनका प्रावधानहरुको व्याख्या गर्ने अधिकार शिखर नगरपालिकामा सुरक्षित रहनेछ ।

त) यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम वमोजिम हुनेछ ।

थ) बोलपत्रको मान्य अवधि ९० दिनको हुनेछ ।

२. <u>बोलपत्रदाताको योग्यता</u>

शिखर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको आन्तरिक श्रोत उठाउने ठेक्काका लागि देहाय वमोजिमका योग्यता हुनु पर्नेछ ।

क) बोलपत्रदाता नेपालको प्रचलित कानुन वमोजिम दर्ता भएको फर्म हुनुपर्नेछ ।



शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

ख) शिखर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको कुनै किसिमको चल अचल वक्यौता नभएको हुनु पर्नेछ ।

ग) कालोसुचिमा नपरेको हुनु पर्नेछ ।

घ) प्रचलित कानून वमोजिम दर्ता तथा नविकरण भएको, मू.अ.करमा दर्ता भएको, कर चुक्तागरेको हुनु पर्नेछ ।

३. <u>बोलपत्र पेश गर्ने तरिका</u>

शिखर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको आन्तरिक श्रोत उठाउने ठेक्काका लागि देहाय वमोजिम वोलपत्र पेश गर्नु पर्नेछ ।

क) यस ठेक्का सम्वन्धि सूचनामा तोकिए वमोजिमको वोलपत्र दस्तुर बुझाई बोलपत्र खरिद गर्न सकिनेछ । बोलपत्र पुस्तिका राम्रो सँग अध्ययन गरि सम्वन्धित ठेक्काको विषयमा आवश्यक स्थलगत अध्ययन गर्ने कार्य बोलपत्रदाता स्वयमले गर्नु पर्नेछ ।

ख) यस ठेक्का सम्वन्धि सूचनामा उल्लेखित भए वमोजिमको धरौटी रकम नगद वा सो वरावरको वैंक जमानतको सक्कल प्रति र माग गरेका कागजातको प्रमाणित प्रतिलिपि वोलपत्र साथ संलग्न राखि वोलपत्र पुस्तिका भरी अधिकार प्राप्त व्यक्तिको दस्तखत सहि छाप गरि सम्वन्धित ठेक्काको नाम र ठेक्का नम्बर सहित उल्लेख गरि सिलवन्दी वोलपत्र निर्धारित म्याद भित्र शिखर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय लाई सम्वोधन गरि दाखिला गर्नु पर्नेछ ।

ग) यसका साथै वोलपत्र खरिद तथा दर्ता सम्वन्धी कार्य Hard Copy वाट मात्र गर्न सकिनेछ ।

घ) वोलपत्र खरिद कार्य यस नगरपालिकाको website https://shikharmundoti.gov.np बोलपत्र फाराम Download गरी तोकिएको वोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित वैंकमा रहेको आन्तरिक राजश्व खाता नं. ०६६००१०६२००००१ मा जम्मा गरेको भौचरलाई सक्कलै वोलपत्र फाराम सँगै खाम वन्दी गरी Hard Copy वाट मात्र पेश गर्न सकिनेछ वा यस कार्यालय वाट समेत तोकिएको राजश्व भौचर तिरि उक्त भौचरलाई सक्कलै बोलपत्र फाराम सँगै खाम वन्दी गरी Hard Copy वाट मात्र पेश गर्न सकिनेछ ।

४. <u>वोलपत्र खोल्ने प्रकृया</u>

नियमानुसार रीतपूर्वक पेश भएका बोलपत्रहरु देहाय वमोजिम प्रकृयामा खोलिने छ ।

क) वोलपत्र खोल्ने मिति, समय र स्थान यस ठेक्का सम्बन्धि सूचनामा उल्लेख भए वमोजिम हुनेछ ।

ख) दर्ता भएका वोलपत्रहरु सूचनामा उल्लेख भए वमोजिम बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा यस शिखर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएपनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।



शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

५. <u>बोलपत्रको मूल्याङ्कन</u>

बोलपत्र खोली सकेपछी रीतपूर्वक प्राप्त भएका बोलपत्रहरुको मूल्याङकन देहाय बमोजिम हुनेछ ।

क) बोलपत्र मूल्याङ्कन शिखर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको बोलपत्र मूल्याङ्कन समितिबाट सार्वजनिक खरिद ऐन ,२०६३ र सार्वजनिक खरिद नियमावली २०६४ ले व्यवस्था गरे बमोजिम गरिनेछ।

ख) योग्यता तथा पूर्णता परिक्षणमा सफल भएका सारभुत रुपमा प्रभाहग्राही तथा न्यूनतम ठेक्का अंक भन्दा वढी रकम कवोल गर्ने बोलपत्रदाताको तुलनात्मक तालिका वनाई बोलपत्र साथ पेश भएका कागजातहरुको अध्ययन गरिनेछ।

ग) योग्यता तथा पूर्णता परिक्षणमा सफल भएका सारभुत रुपमा प्रभाहग्राही तथा न्यूनतम ठेक्काअंक भन्दा सबै भन्दा वढी रकम कवोल गर्ने बोलपत्रदाताको बोलपत्र स्विकृत गर्ने प्रकृया अगाडी वढाइने छ ।

६. बोलपत्रको स्विकृति

बोलपत्रको स्विकृति देहाय वमोजिम गरिनेछ ।

क) पेश भएका बोलपत्रहरु स्विकृत गर्ने वा नगर्ने अधिकार शिखर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा रहने छ ।

ख) बोलपत्र मूल्याङकन समितबाट योग्यता तथा पूर्णता परिक्षणमा सफल भएका सारभूतरुपमा प्रभाहग्राही तथा न्यूनतम ठेक्का अंक भन्दा सवै भन्दा वढी रकम कवोल गर्ने बोलपत्रदाताको बोलपत्र स्विकृत गरिनेछ ।

ग) ठेक्का स्विकृत भएको ७ दिन भित्र सूचनामा उल्लेखित नियमानुसारको धरौटी रकम नगद वा जमानत लिई सम्झौता गर्न सम्वन्धित बोलपत्रदाता लाई शिखर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयवाट सूचित गरिनेछ ।

७. बोलपत्र जमानत वा धरौटी जफत

शिखर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय वाट ठेक्का स्विकृत भएको सूचना प्राप्त भएपछि बोलपत्रदाताले बोलपत्र सूचनामा उल्लेख भए वमोजिमको आवश्यक बैंक जमानत वा धरौटी तथा नगद रकम जम्मा गरेको प्रमाण साथमा लिई तोकिएको म्याद भित्र ठेक्का सम्झौता गर्न बोलपत्रदाताको कार्यलयमा उपस्थित हुनु पर्नेछ । तोकिएको समय भित्र सम्झौता गर्न बोलपत्रदाता उपस्थित नभएमा निजको बोलपत्र जमानत जफत गरी त्यसपछिको दोस्रो वढी कवोल गर्ने बोलपत्रदाताकोबोलपत्र स्विकृत गर्ने प्रकृया कार्यालयले अगाडी वढाउने छ ।

८. <u>सम्झौता र कार्यदेश</u>



शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

सम्झौता र कायदिश देहाय वमोजिम हुनेछ ।

क) सम्झौता भएपश्चात ठेक्का सञ्चालन गर्न पाउने दर रेटको विवरण उल्लेख गरि ठेक्का सञ्चालनका लागि ठेकेदारलाई कार्यालयले कार्यदिश दिनेछ ।

ख) ठेकेदारले ठेक्का सम्झौतामा उल्लेखित शर्तहरुको अधिनमा रहि ठेक्का सञ्चालन गर्नु गराउनु पर्नेछ।

ग) कार्यालय र ठेकेदार विच भएको सम्झौता वमोजिम ठेक्का सञ्चालन नभए नगरेमा कार्यालयले ठेक्का सम्झौताअन्त्य गर्न सक्ने छ ।

९. <u>ठेकेदारले पालना गर्नु पर्ने नियमहरु र आचरण</u>

क) ठेकेदारले सम्झौता पत्रमा पट्टापुर्जीमा तोकिएका बस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा बिक्री शुल्क संकलन गर्नु पर्नेछ । सो भन्दा फरक हुने गरी शुल्क संकलन गरेमा नियमानुसार कारवाही हुनेछ ।

ख) यस नगरकार्यपालिकाको कार्यालयले तोकेको शुल्क संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्ना तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नुपर्नेछ ।कार्यालयबाट अनुगमन गरिदा प्रमाणित नभएको रसिद फेला परेमा नियमानुसार कारवाही गरिनेछ ।

ग) राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट तगारो राखी नदीजन्यपदार्थको बिक्री शुल्क संकलन गर्न पाईने छैन ।

घ) ठेकेदारले नगरपालिकाले तोकेको राजश्व संकलन गर्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्नेछ र राजश्व संकलन गर्ने कर्मचारीलाई परिचयपत्र लगाई मात्र संकलन कार्य गराउनु पर्नेछ ।

ङ) शिखर नगरपालिका कार्यालय, संग ठेक्का सम्झौता गरेका ठेकेदारले **IEE/EIA** भएको स्थानबाट ढुङ्गा, गिट्टी, बालुवा, ग्रावेल, आदी संकलन/उत्खनन गर्नुपर्नेछ र सो बाहेकको अन्य क्षेत्रमा उत्खनन गरेको पाइए सुरक्षा निकायको सहयोग लिई आवश्यक कारवाही गरिनेछ ।

च) ढुङ्गा, बालुवा, ग्रावेल, गिट्टी झिक्नु पर्ने घाटगद्दी स्थल सम्म जान आउन आवश्यक पर्ने बाटो बनाउन तथा बाटो मर्मत गर्नुपर्ने अवस्था आएमा ठेकेदारले आफ्नै तर्फबाट गर्नुपर्नेछ । ढुङ्गा, बालुवा, ग्रावेल, गिट्टी, कुनै व्यक्ति वा निकायको निजी जग्गा वा वन क्षेत्र भित्र जानुपर्ने भएमा सम्बन्धीतको स्विकृति लिने कार्य स्वंय ठेकेदारले नै गर्नुपर्नेछ ।



शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

छ) नदीको किनारबाट भु– क्षय हुने गरी, डिल भिर भित्तो खन्न, खोरस गरी ढुङ्गा, बालुवा, ग्रावेल, गिट्टी निकाल्न रोक लगाउनु पर्नेछ। त्यसरी निकालेको पाईएमा उक्त कार्य गर्ने ढुवानी साधानहरुलाई आवश्यक कारवाहीका लागि पठाउन ठेकेदार पक्षले पहल गर्नुपर्नेछ ।

ज) प्राकृतिक स्रोतको उत्खनन, संकलन तथा ढुवानी गर्दा वातावरणीय परिक्षण प्रतिवेदनले तोके वमोजिमको परिमाण र स्थानवाट मात्र गर्नु पर्ने । राजमार्गको ५०० मिटर भित्रको नदी, सडक पुल तथा झोलुंगे पुलको एक किलोमिटर तल र पाँच सय मिटर माथिको नदीजन्य पदार्थ उत्खनन् र संकलन गर्न पाईने छैन ।

झ) नदी, खोलाको घाट वा आकृति विग्रने गरी नदी किनारामा प्राकृतिक तवरले रहेको ढुङ्गा तोड्न वा फोड्न पाईने छैन । साथै ढुङ्गा, वालुवा, ग्रावेल, गिट्टी, भरान झिक्न मेसिनको प्रयोग गर्नुपर्ने भएमा स्वीकृत **IEE/EIA** ले तोकेको मापदण्ड अनुसार नगरपालिकाको अनुमती लिनुपर्ने छ । नगरपालिकाको अनुमती नलिई ठुला मशिन प्रयोग गरी नदीजन्य पदार्थ उत्खनन तथा संकलन गर्न पाईने छैन ।

ञ) भिजेको नदीजन्य पदार्थ ढुवानीमा पूर्ण रोक लगाउनु पर्नेछ। साथै ढुङ्गा, वालुवा, ग्रावेल, गिट्टी, आदी छोपेर मात्र ढुवानी गर्ने प्रवन्ध मिलाउनु पर्नेछ ।

ट) ठेकेदारले घाट क्षेत्रमा फोहोरमैलाको उचित व्यवस्थापन गर्नुपर्ने छ । साथै ठेकेदारले वस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुने गरी ढुवानीको कार्य गर्न लगाउनु पर्नेछ ।

ठ) ठेकेदारले कामदारहरुकालागि प्राथमिक उपचारका साथै मास्क, हेलमेट आदीको व्यवस्था मिलाउन ढुवानीका साधनहरुलाई जानकारी गराउनुपर्नेछ ।

ड) ठेकेदारले प्रत्येक महिनामा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । साथै सोही समयमा कार्यालयवाट प्रमाणित गरी लगेको प्रयोग भएका अर्धकट्टी नगदी रसिद पनि फिर्ता गर्नुपर्ने छ ।

ढ) ठेकेदारले नदीजन्य पदार्थ संकलन तथा उत्खन्न हुने घाटगद्धी स्थल सम्वन्धीका खर्चहरु स्वयं आफैले व्यहोनु पर्नेछ ।

ण) विहान सुर्योदयभन्दा अगाडी र साँझ सुर्यास्त भन्दा पछि ढुवानीका साधनहरुले घाटगद्धी स्थलमा प्रवेश गर्न पाईने छैन । यसरी नियम विपरित गएका ढुवानी साधनहरुलाई कानून बमोजिम कारवाही गरिनेछ ।

त) खोला र नदीको घाटगद्दी स्थलहरुमा सम्पूर्ण जानकारी सहितको सूचना पाटी (साईनबोर्ड) ठेकेदार आफैले बनाई सवै सरोकारवालाहरुले देख्ने गरी आफ्नै खर्चमा राख्नु पर्नेछ ।

१०

शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

थ) ठेकेदारले कार्यालय, व्यवसायी तथा सम्बन्धित सबै सरोकारवाला सँग शिष्ट तथा सम्मानितव्यवहार गर्नु पर्नेछ । कार्यालय र ठेकेदार विच भएको सम्झौता बमोजिम ठेक्का सञ्चालन नभए नगरेमा कार्यालयले ठेक्का सम्झौता अन्त्य गर्न सक्ने छ ।

द) ठेक्का सम्बन्धित पत्राचार तथा अन्य कारवाही शिष्ट, सम्मानित एवम मार्यादित भाषामा गर्नु पर्नेछ।

ध) सार्वजनिक सम्पतिको संरक्षण गर्ने तथा शान्ति सद्भाव कायम गर्ने दायित्व वहन गर्नु ठेकेदारको कर्तव्य हुनेछ ।

न) ठेकेदारले हरेक उत्खनन स्थलबाट उठाएको ढुङ्गा, वालुवा, ग्रावेल, गिट्टी, भरान परिमाण हरेक महिनाको अन्त्यमा नगरपालिकामा पेश गर्नुपर्नेछ ।

न्) यसमा उल्लेख नभएका अन्य नियमहरु IEE/EIA प्रतिवेदनमा उल्लेख भए वमोजिम हुनेछन ।

१०. <u>आकस्मिक अवरोध व्यवस्थापन</u>

कुनै कारणवस विशेष अवस्था सिर्जना भई काबु बाहिरको परिस्थितिले आकस्मिक रुपमा ठेक्का सञ्चालनमा अवरोध भएमा ठेकेदारले त्यसको सूचना तुरन्त कार्यालयमा दिनु पर्नेछ । कार्यालय र ठेकेदार दुवैलाई मार्का नपर्ने गरि दुवै पक्षको प्रयासबाट त्यस्तो अवरोधको व्यवस्थापन गर्नु पर्नेछ।

११. <u>विवाद व्यवस्थापन</u>

कार्यालय र ठेकेदार विच विवाद उत्पन्न भएमा नगर कार्यपालिकाको वैठकको निर्णय बाट विवादको व्यवस्थापन गरिनेछ ।

१२. <u>कार्य सम्पन्न</u>

कार्यालयको सहयोगमा ठेक्का सम्झौता वमोजिम ठेक्का सञ्चालन गरि कार्य सम्पन्न गर्ने दायित्व ठेकेदारको हुनेछ। ठेक्का सम्झौता वमोजिम ठेक्का सञ्चालन गरि कार्य सम्पन्न भएमा कार्यालय बाट कार्य सम्पन्न प्रमाणपत्र नियमानुसार ठेकेदारलाई प्रदान गर्नेछ ।

१३. <u>शुल्क दर</u>

यस ठेक्का बमोजिम शुल्क उठाउने कार्यको दर भ्याट बाहेकको देहाय बमोजिम उठाउनु पर्नेछ ।

| क.सं. | नदि जन्य सामग्रीको किसिम | करको दर (भ्याटबाहेक) | |
|---|---|---|---|
| | | प्रति घन फिट रु. | प्रति घन मिटर रु. |

शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

शिखर नगरपालिका नगर कार्यपालिकाको कार्यालय सल्कोट, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल २०७१

| | | | |
|---|---|---|---|
| १ | ढुंगा, गिट्टी, बालुवा, ग्राभेल आदी | ४(चार) | रु.१४१।२६ (एक सय एकचालिस रुपैयाँ छब्बिस पैसा मात्र) |

१४. उत्खनन/संकलन स्थलको जी.पी.एस. कोर्डिनेट

| क्र.स. | साईट क्षेत्र | GPS Coordinate of Points | |
|---|---|---|---|
| 1 | शिखर १ समूह गाड | 29°14'46.17"N, | 80°55'0.59"E |
| 2 | शिखर-०६, रामपुर "क" | 29°16'19.50"N, | 80°52'59.74"E |
| 3 | शिखर-०६, रामपुर "ख" | 29°15'56.78"N, | 80°53'30.70"E |
| 4 | शिखर-०६, राजघाट | 29°16'53.25"N, | 80°52'2.78"E |
| 5 | शिखर-१०, गोल्मगाड | 29°17'58.53"N, | 80°47'57.04"E |
| 6 | शिखर-०३, कालागाड | 29°14'56.88"N | 80°54'19.33"E |

नोटः श्रोत- प्रारम्भिक वातावरणीय प्ररिक्षाण प्रतिवेदन (Initial Environmental Examination) अनुसार

१५. उत्खनन/संकलन गर्न मिल्ने नदीजन्य पदार्थ उत्खनन् ढुंगा, गिट्टी, बालुवा, ग्राभेल आदीको परिमाण

| सि.नं. | खोलाको विवरण | कोर्डिनेट | नदीजन्य पदार्थ उत्खनन् ढुंगा, गिट्टी, बालुवा,भरान तथा ग्राभेल आदीको परिमाण (घन मिटर) | कैफियत |
|---|---|---|---|---|
| १५.१ | शिखर-०१, समूहगाड | 29°14'46.17"N, 80°55'0.59"E | ५७४९.५ | ०.९-१.५ मिटर गहिराई सम्म मात्र उत्खनन गर्न मिल्ने |



शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

शिखर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तल्कोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| | शिखर-०३, कालागाड | 29°14'56.88"N 80°54'19.33" | ३०४९.२ | ०.९-१.५ मिटर गहिराई सम्म मात्र उत्खनन गर्न मिल्ने |
| | शिखर-०६, रामपुर "क" | 29°16'19.50"N, 80°52'59.74"E | २८६०३.८ | ०.९-१.५ मिटर गहिराई सम्म मात्र उत्खनन गर्न मिल्ने |
| | शिखर-०६, रामपुर "ख" | 29°15'56.78"N, 80°53'30.70"E | ३६११.०० | ०.९-१.५ मिटर गहिराई सम्म मात्र उत्खनन गर्न मिल्ने |
| | शिखर-०६, राजघाट | 29°16'53.25"N, 80°52'2.78"E | ११९३६.८० | ०.९-१.५ मिटर गहिराई सम्म मात्र उत्खनन गर्न मिल्ने |
| | शिखर-१०, गोल्मगाड | २९°१७'५८.५३"N, ८०°४७'५७.०४"E | २९६४.५० | ०.९-१.५ मिटर गहिराई सम्म मात्र उत्खनन गर्न मिल्ने |

नोटः श्रोत- प्रारम्भिक वातावरणीय प्रारिक्षाण प्रतिवेदन (Initial Environmental Examination) अनुसार

शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

शिखर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तल्कोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

१६. बोलपत्र फाराम

मिति......................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
शिखर नगर कार्यपालिकाको कार्यालय,
डोटी, सुदूर पश्चिम प्रदेश, नेपाल

## बिषयः बोलपत्र फारम पेश गर्ने सम्वन्धमा ।

तहाँ कार्यालयबाट मिति २०८३।०६।२८ मा प्रकाशित सूचना र बोलपत्र फारामको शर्त अनुसार काम गर्ने गरि आ.व. २०८३।८४ को तोकिएको अवधिका लागि तहाँ नगरपालिकाले तोकेको परिमाण र तोकेको दरमा शिखर नगरपालिका "सेती नदीबाट प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा,भरान तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन" को प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा,भरान तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन ठेक्काको लागि तपशिल वमोजिमको रकम कबोल गरेको छु ।

| ठेक्का नं. | ठेक्काको विवरण | उत्खनन गर्न मिल्ने परिमाण (घन मिटर) | न्युनतम कबोल अंक (भ्याट बाहेक) रु. | कबोल अंक भ्याट (भाहेक रु.) | |
|---|---|---|---|---|---|
| | | | | अंकमा रु. | अक्षरमा रु. |
| **SMDOTI/REVINUE/NCB/01/2083-84** | शिखर नगरपालिका सेती नदिबाट प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन | ५५११५।८० (सम्झौत मिति देखी २०८४ जेष्ठ ३१ सम्म) | रु. ७७,८५,६५७।९० (अक्षेरुपी रु सतहत्तर लाख पञ्चासी हजार छ सय सन्ताउन्न रुपैया पैसा नब्बे मात्र) (मु.अ. कर बाहेक | | |

<u>तपशिल</u>

*ठेक्काका शर्तहरु अध्ययन गरि उल्लेखित शर्तपालना गर्ने मन्जुरीका साथ माथी उल्लेखित व्यहोरा वमोजिम रकम कबोल गरि बोलपत्र पेश गरेको छु ।*

<u>बोलपत्रदाताको विवरण</u>

आधिकारिक व्यक्तिको नाम

मितिः-

फर्मको नामः-

दस्तखतः-

ठेगानाः-

फर्मको छापः-

सम्पर्क नंः-

इमेल ठेगानाः-



शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner